पर्वतीय प्राकृतिक सम्पदा

ICIMOD

Discussion Paper
Series No. MNR 96/N2

नेपाल मध्यस्थता समूह

नेपालमा सामुदायिक वन व्यवस्था - विवादहरु प्रति एक दृष्टि

कृष्ण बहादुर श्रेष्ठ

अन्तर्राष्ट्रिय एकिकृत पर्वतीय विकास केन्द्र
काठमाण्डौ, नेपाल
२०५२

© सर्वाधिकार

अन्तर्राष्ट्रिय एकिकृत पर्वतीय विकास केन्द्र

ISSN 1024 - 7556

प्रकाशक

अन्तर्राष्ट्रिय एकिकृत पर्वतीय विकास केन्द्र
पोष्ट बक्स नं. ३२२६
काठमाण्डौ, नेपाल

इसिमोडको प्रकाशन इकाईमा टाईप डिजाइन गरेको

The views and interpretations in this paper are those of the author(s). They are not attributable to the International Centre for Integrated Mountain Development (ICIMOD) and do not imply the expression of any opinion concerning the legal status of any country, territory, city or area of its authorities, or concerning the delimitation of its frontiers or boundaries.

ISSN 1024 - 7556

नेपाल मध्यस्थता समूह

नेपालमा सामुदायिक वन व्यवस्था विवादहरु प्रति एक दृष्टि

कृष्ण बहादुर श्रेष्ठ

MNR Series No. 96/2

कृष्ण बहादुर श्रेष्ठ, सामुदायिक तथा निजी वन महाशाखा, वन विभागमा कार्यरत हुनु हुन्छ ।

फाल्गुण २०५२
अन्तर्राष्ट्रिय एकिकृत पर्वतीय विकास केन्द्र
काठमाण्डौ, नेपाल

विषय सूचि

परिचय १
नेपालको वन १
नेपाली जन-जीवन २
सामुदायिक वन प्रणाली २
समुदायलाई वन सुम्पने प्रक्रिया अन्तर्गत मुख्यत देहायका कुराहरु पर्छन् : ३
वन सम्बन्धि कानूनी व्यवस्था ४
यस नियमावलीको मुख्य कुराहरु यस प्रकार छन् : ४
राष्ट्रिय वनलाई निम्नानुसार पाँच उपसमूहमा वर्गीकरण गरिएको छ : ५
वन ऐन २०४९ का मुख्य कुराहरु यस प्रकार छन् : ५
सामुदायिक वनको वर्तमान स्थिति ५
विवादहरु ६

वन उपभोक्ता समूह भित्रको विवाद ७
उपभोक्ता समूहहरु बीच विवाद ९
उपभोक्ता समूहहरु, वन कार्यालय, र वन विभाग बीचको विवाद १०

भावी नीति १३

परिचय

नेपाल, दक्षिणमा भारत र उत्तरमा चीनको तिव्वती क्षेत्र बीच अवस्थित १ करोड ४७ लाख हेक्टर क्षेत्रफल भएको भूपरिवेष्ठित देश हो । नेपाललाई तीन वटा भौगोलिक क्षेत्रमा बाँड्न सकिन्छ :

१) तराई क्षेत्र : कूल क्षेत्रफलको १७ प्रतिशत
२) पहाडी क्षेत्र : ६८ प्रतिशत
३) उच्च पर्वतीय क्षेत्र : (हिमाली क्षेत्र) १५ प्रतिशत

तराई क्षेत्र दक्षिणमा भारतसंग जोडिएको बढी जनघनत्व भएको मैदानी भाग हो र कृषि तथा उद्योग त्यहाँको बासिन्दाहरुको मुख्य पेशा हो । तराई क्षेत्रको उत्तरमा पूर्व देखि पश्चिमसम्म फैलिएको चुरे (सिवालिक) पर्वत श्रृंखला पर्दछ, जहाँ कृषि जमिन र ठूला-ठूला गाउँको बस्तीहरु छन् । यस क्षेत्रको उत्तरी भागमा पहाड र मध्य पर्वतीय भूभाग पर्दछ र यहां भिरालो पहाडी जमिन र उब्जाउ हुने उपत्यकाहरु अवस्थित छन् । ती उपत्यकाहरु मध्ये काठमाडौं उपत्यका पनि एक हो । धेरै जसो बसोवास यस क्षेत्रमा छ र यहाँको जनसंख्या जीवन धान्न पुग्ने स्तरको कृषि र वन-जङ्गल पैदावारमा बढी आश्रित छन । देशको सवभन्दा उत्तरी भागमा उच्च पर्वतीय क्षेत्र वा हिमाली क्षेत्र पर्दछ ।

प्रशासनिक व्यवस्थाका लागि देशलाई पाँच विकास क्षेत्र र ७५ जिल्लामा विभाजन गरिएको छ। प्रत्येक जिल्लामा जन-निर्वाचित जिल्ला विकास समिति रहने व्यवस्था छ र जिल्लाको समग्र विकास, यो समितिको जिम्मामा पर्छ । एउटा जिल्लामा विभिन्न संख्यामा (करीव ५० वटा जति) जन-निर्वाचित गाउँ विकास समिति हुन्छन् ।

प्रत्येक पाँच वटा विकास क्षेत्रमा वन प्रशासनका लागि क्षेत्रीय वन कार्यालय रहेका छन् । मुस्ताङ्ग बाहेक अरु सबै जिल्लाहरुमा जिल्ला वन कार्यालयको व्यवस्था छ । जिल्ला वन कार्यालय अन्तर्गत आवश्यकता अनुसार विभिन्न संख्यामा रेन्ज पोष्टहरु छुट्याएका छन् ।

नेपालको वन

नेपालको जम्मा भूभाग मध्ये ३७ प्रतिशत भूभाग अर्थात् १ करोड ४७ लाख हेक्टर क्षेत्रफल मध्ये ५५ लाख हेक्टर जमिन वनले ओगटेको छ । देशको विभिन्न भागमा बेग्ला बेग्लै जलवायु र जमिनको बनोट भएकोले नेपालमा सम-उष्ण देखि उच्च पर्वतीय जलवायुमा पाइने धेरै किसिमका वन वनस्पति पाइन्छन् । तराई क्षेत्रमा पूर्व देखि पश्चिमसम्म मूल्यबान सालको वन फैलिएको छ । तल्लो पहाडी भेग र उपत्यकाहरुमा पनि सालको वन पाइन्छ । साल व्यापारिक दृष्टिकोणबाट राम्रो स्तरको काठ हो । यसको दाउरा पनि असल हुन्छ । राम्रो पलाउने क्षमता

भएको हुँदा सालका रुख पाइने क्षेत्रका बासिन्दाहरु सालको वनलाई सामुदायिक वनको रुपमा व्यवस्थापन गर्न इच्छुक हुन्छन् । मध्य पहाडी क्षेत्रमा वन जङ्गल खण्डित रुपमा पाइन्छन् । यस क्षेत्रको तल्लो भागमा चिलाउने र कटुस जातका मिश्रित वन पाइन्छ र माथिल्लो भेगतिर कोणधारी जातको वन पाइन्छ । यस्ता वन चाँडै झ्याँगिने हुंदा गाउँलेहरु दाउरा, घाँस-पात र काठका लागि बराबर काट्ने गर्दछन् । यस्ता वन सामुदायिक वनका रुपमा व्यवस्थापन गर्न निकै उपयुक्त हुन्छन् । यस प्रकार धेरै जसो पहाडी भेगका वन छेउ-छाउका गाउँहरुले सामुदायिक वनको रुपमा प्रयोग गरी आएका छन् । गाउँलेहरु आफ्नो जिविकाका लागि यस्ता वन जङ्गल ज्यादै निर्भर रहेका छन् ।

नेपाली जन-जीवन

नेपालको भौगोलिक क्षेत्रमा विविधता भए जस्तै नेपाली जन जातिमा पनि विविधता पाइन्छ । नेपाली जन जाति २८ थरी भन्दा कम छैन । पहाडी भेगका गाउँहरुमा कही-कही एउटा गाउँमा एकै थरीका जन जाति रहेको पनि देखिन्छ । प्रत्येक जन जातिको बेग्ला बेग्लै संस्कृति र परम्परा हुन्छ । पहाडी भेगका गाउँहरुमा खेती-पाती वा अरु कामका लागि बढी आकर्षक अवसरको कमीले बसाई सर्ने प्रवृति छैन । यसो हुँदा गाउँको जन जातिको बनोट एकै किसिमको रहने गरेको पाइन्छ । तर, पहाडबाट बसाई सर्ने र दक्षिणको खुल्ला सीमावर्ती क्षेत्रबाट बढी आवत-जावत हुने हुँदा तराई क्षेत्रमा बढी जन जातिको विविधता पाइन्छ । देशको १ करोड ९० लाख जनसंख्याको ९० प्रतिशत ग्रामीण क्षेत्रमा बसोवास गर्छन् र कृषिमा निर्भर छन् । करिव ५० प्रतिशत जनसंख्या गरिवीको रेखामुनि रहेको अनुमान गरिन्छ । पहाडी गाउँहरुमा जन जातिको एकरुपता रहेकोले त्यहाँ आफ्नै किसिमको सामाजिक बनोट, परम्परा वा व्यवस्थाहरु छन्, जसले गर्दा पनि तराईमा भन्दा पहाडमा सामुदायिक वन कार्यक्रम लागू गर्न बढी सजिलो हुने देखिन्छ ।

सामुदायिक वन प्रणाली

नेपालको इतिहासमा लामो समयसम्म वन क्षेत्रको रेखदेख गर्ने जिम्मा ठूला जमिनदारहरुको हातमा थियो । तराई क्षेत्रका जङ्गलहरु राणा शासकहरुले निजी सम्पत्तीको रुपमा प्रयोग गरेका थिए । तर पहाडी भेगहरुमा धेरै जसो ठाउँमा स्थानीय कृषकहरुले आफ्नै प्रयासमा स्थानीय वनको रेखदेख गर्ने परिपाटी बसालेका थिए । यस परिपाटी अनुसार स्थानीय स्तरमा बनाइएका नियमको अधीनमा रही तोकिएको समूहले वनको उपयोग गर्न पाउने र बाहिरियाहरुले त्यस्तो वन उपयोग गर्न नपाउने प्रचलन थियो । स्थानीय स्तरमा बनाइएका यस्ता नियमहरुलाई राणा सरकारले पनि मान्यता दिएको थियो ।

२००७ सालमा जनक्रान्तिबाट राणा सरकारको पतन भयो । २००७ सालको प्रजातान्त्रिक क्रान्तिपछि राणा शासकहरुले भोग चलन गर्ने गरेका तराईका वन-जङ्गल उनीहरुको निजी सम्पत्तिको रुपमा प्रयोग गर्ने परिपाटी रोक्ने धेयले २०१३ सालमा सबै वन-जङ्गल सरकारले राष्ट्रियकरण गऱ्यो । विक्रम सम्बत् २०१७ साल पौषमा निर्दलीय पंचायती व्यवस्थाको स्थापना भएर प्रजातान्त्रीक सरकार विघटन भयो । यसले गर्दा स्थानीय बासिन्दाहरुले साविकमा पाई आएको वनको फाइदा पाउन सकेनन् र आफनो हक खोसिएको महसूस गरी सरकारप्रति असहयोगात्मक व्यवहार गर्न थाले ।

वन सम्पदाको व्यवस्थापनबाट जन-समुदाय बंचित हुन पुगेकाले जथाभावी वन फँडानी हुन थाल्यो । सरकारले कर्मचारी यन्त्रको माध्यमबाट वन-सम्पदाको व्यवस्थापन गर्न नसकिएको महसूस गरी २०३५ सालमा पहिलो पटक स्थानीय वन-जङ्गल स्थानीय वासिन्दाबाट नै व्यवस्थापन गर्ने कानूनी व्यवस्था गऱ्यो, जसबाट बिगतमा आफ्नो जीवन यापनका लागि वन-पैदावार प्रयोग गरे जस्तै स्थानीय वासिन्दाहरुले दीगो रुपमा वन-पैदावार प्रयोग गर्ने व्यवहारिक परिपाटीको थालनी भयो । यस व्यवस्थाबाट स्थानीय गाउँ पंचायत मार्फत स्थानीय समुदायको जिम्मामा व्यवस्थापन कार्य दिने पारीपाटी शुरु भयो । यस्तो व्यवस्था गरिएको दश-बाह्र बर्षपछि आएर यस प्रकारको नीतिले पनि वन-जङ्गल व्यवस्थित राख्न प्रभावकारी नभएको महसूस गरियो।

वन-जङ्गलको राम्रो सुपरिवेक्षण र व्यवस्थापनका लागि स्थानीय अभिरुचि र सहभागिता बढाउन स्यानीय राजनैतिक निकाय (अर्थात् पंचायत) ज्यादै ठूलो इकाई भएको ठानियो । यो परिपाटीबाट वन व्यवस्थापन असफल हुन गएको तथ्य २०२२ सालको ६५ लाख हेक्टर वन क्षेत्र २०४७ सालमा घटेर ५५ लाख हेक्टर पुग्न गएको स्थितिबाट प्रष्ट भयो ।

२०४६ सालको गुरु योजना अन्तर्गत वन क्षेत्रको नीतिको धोषणाले नेपालको वन संरक्षण र विकासका लागि सरकारको प्रतिबद्धतालाई पुन : प्रष्ट गऱ्यो । वन गुरु योजनामा उल्लेख भएका ६ वटा कार्यक्रमहरु मध्ये सामुदायिक वन कार्यक्रम सबभन्दा ठूलो र महत्वपूर्ण छ । सामुदायिक वन कार्यक्रम, वन-जङ्गलको संरक्षण, व्यवस्थापन र उपयोग गर्ने कुराहरुमा स्थानीय वन उपभोक्ताहरुसंग गाँसिएका छन् । वन व्यवस्थापन गर्न सक्षम र अभिरुचि भए सम्म उपभोग गर्न सकिने सबै पहाडी वन चरणबद्ध रुपमा स्थानीय समुदायहरुलाई नै सुम्पिदै जानु सामुदायिक वन कार्यक्रमको रणनीति हो । सामुदायिक वनको रुपमा व्यवस्था गर्न सकिने वन क्षेत्रहरु ३५ लाख हेक्टर (कूल वन क्षेत्रको ६१ प्रतिशत) सम्म भएको कुरा अध्ययनहरुबाट थाहा हुन आएको छ।

समुदायलाई वन सुम्पने प्रक्रिया अन्तर्गत मुख्यत देहायका कुराहरु पर्छन् :

(क) उपभोक्ता समूहको पहिचान गरी गठन गर्ने ।
(ख) कुनै एक क्षेत्रको वनलाई सामुदायिक वनको रुपमा तोक्ने ।

(ग) वन कार्य योजना तयार गर्ने र स्वीकृत गर्ने ।

(घ) उपभोक्ता समूहलाई वन हस्तान्तरण गरी वन कार्य योजनालाई कार्यान्वयन गर्ने ।

वन सम्बन्धि कानूनी व्यवस्था

निजी वन राष्ट्रियकरण ऐन २०१३ प्रारम्भ भएपछि वन सम्बन्धि पहिलो कानूनी व्यवस्थाको शुरुवात भयो । यस ऐनले वन-जङ्गलको निजी स्वामित्व व्यवस्थालाई खारेज गरी सरकारमा स्वामित्व हस्तान्तरण गर्ने व्यवस्था गर्यो । तर ऐनले पहाडी क्षेत्रमा १.२५ हेक्टर र तराई क्षेत्रमा ३.२५ हेक्टर सम्मको निजी वन राख्न सकिने व्यवस्था गर्यो । राष्ट्रियकरण गरिएको अरु निजी वनको लागि कुनै क्षतिपूर्ति दिइएन । यस ऐनको मनसाय जतिसुकै राम्रो भएतापति व्यवहारमा भने यसबाट वन संरक्षणमा नकारात्मक असर पर्न गयो । वन सम्बन्धि दोश्रो महत्वपूर्ण कानूनी व्यवस्था वन ऐन २०१८ बाट शुरु भयो । यस ऐनले राष्ट्रिय वनमा सरकारी नियन्त्रण मजवूत बनाउन ऐन विपरित कार्य गर्नेलाई दण्ड सजायको व्यवस्था तोकी दियो । ऐनले वन-पैदावार बिक्री वितरणका लागि नियमाबली तय गर्यो र राष्ट्रिय वनलाई उपयोगका आधारमा विभिन्न वर्गमा वर्गीकरण गर्न सरकारलाई अधिकार दियो । यो ऐन (वन ऐन २०१८) लाई २०३३ सालमा संशोधन गरियो र राष्ट्रिय वनलाई चारवटा वर्गमा विभाजन गरियो :

१) पंचायती वन

२) पंचायती संरक्षित वन ।

३) धार्मिक वन ।

४) कबूलियती वन ।

पंचायती वन र पंचायती संरक्षित वनलाई स्थानीय गाउँ पंचायतलाई संरक्षण र व्यवस्थापन गर्ने गरी जिम्मा दिन सकिने व्यवस्था थियो । यस ऐन अन्तर्गत पंचायती वन र पंचायत संरक्षित वन नियमाबली २०३५ लागू गरियो । यस नियमावलीमा राष्ट्रिय वनलाई स्थानीय गाउँ पंचायतहरुको मातहतमा पंचायती वनको रुपमा हस्तान्तरण गर्न सकिने व्यवस्था गरियो । यो नियमावली २०३६ सालमा र फेरि २०४४ सालमा संशोधन भयो ।

यस नियमाबलीको मुख्य कुराहरु यस प्रकार छन् :

(क) क्षेत्रीय वन निर्देशनालयको स्वीकृति लिई जिल्ला वन कार्यालयले कुनै पनि वन स्थानीय गाँउँ पंचायतको जिम्मामा दिन सक्ने ।

(ख) स्थानीय गाउँ पंचायतले एक उपभोक्ता समूहको गठन गरी त्यस्ता समूहलाई कार्य योजना बमोजिम वनको संरक्षण र व्यवस्थापन गर्न जिम्मा दिने ।

(ग) कुनै उपभोक्ता समूहले कार्य योजना बमोजिम काम नगरेमा, स्थानीय गाउँलेले त्यो समूह विघटन गरी नयाँ उपभोक्ता समूह गठन गर्न सक्ने ।

(घ) वन-पैदावारको बिक्री वितरणबाट आर्जन भएको रकम पंचायतको कोषमा जम्मा हुने।

२०४६ सालमा प्रजातन्त्रको पुनर्स्थापना पछि वन ऐन २०१८ मा "पंचायत" शव्दलाई "उपभोक्ता समूह" भनी संशोधन गरियो । २०४९ सालमा सरकारले वन ऐन २०४९ प्रकाशित गर्यो । यो ऐनको नियमावली तर्जुमा गर्ने कार्य अन्तिम चरणमा पुगेको हुँदा ऐन अझै कार्यान्वयन भएको छैन । वन ऐन २०४९ ले वनलाई दुई समूहमा विभाजित गरेको छ :

(क) राष्ट्रिय वन ।
(ख) निजी वन ।

राष्ट्रिय वनलाई निम्नानुसार पाँच उपसमूहमा वर्गीकरण गरिएको छ :

(१) सामुदायिक वन
(२) कवूलियती वन ।
(३) सरकारद्वारा व्यवस्थित वन ।
(४) धार्मिक वन ।
(५) संरक्षित वन ।

वन ऐन २०४९ का मुख्य कुराहरु यस प्रकार छन् :

(१) जिल्ला वन अधिकारीले वन सोझै उपभोक्ता समूहलाई जिम्मा दिन सक्ने ।
(२) उपभोक्ता समूहले वन-पैदावारको मूल्याङ्कन गरी देश भित्र बिक्री वितरण गर्न सक्ने।
(३) वन कार्य योजना बमोजिम काम नभएमा, जिल्ला वन अधिकारीले सामुदायिक वन फिर्ता लिन निर्णय गर्न सक्ने र सो उपर उपभोक्ता समूहले क्षेत्रीय वन निर्देशक समक्ष अपिल गर्न सक्ने ।

सामुदायिक वनको वर्तमान स्थिति

सामुदायिक वन कार्यक्रम लागू भएको शुरु समयमा स्थलगत कर्मचारीहरुले पर्याप्त तालीम र अनुभव नभए पनि स्थानीय जनतालाई सामुदायिक वन तर्फ उत्प्रेरित गर्ने प्रयास गरे । शुरुमा

नर्सरी स्थापना गर्ने र वृक्षारोपण गर्ने काममा केन्द्रित गर्दा स्थलगत प्रदर्शन गर्ने कार्यक्रमहरुमा ध्यान दिइयो । उपभोक्ता समूहको गठन गरी सामुदायिक वन हस्तान्तरण गर्ने काम भने निकै सुस्त रुपमा थियो । स्थलगत कर्मचारी, उपभोक्ता समूह र स्थानीय नेताहरुका लागि जिल्ला तथा क्षेत्रीय तालीम केन्द्रहरुमा व्यापक रुपमा स्थलगत तालीमहरु संचालन गरिए । सामुदायिक वन बारे छलफल र अवगत गराउन अध्ययन भ्रमण र कार्यशाला गोष्ठीहरु आयोजना गरिए । प्रचार प्रसारका सामाग्रीहरु तयार गरी वितरण गरियो । विगत तीन बर्षमा यस कार्यमा निकै प्रगति भएको छ ।

हाल सामुदायिक वन कार्यक्रमले प्राकृतिक वनहरुमा मुख्य ध्यान दिएको छ । प्राकृतिक वनबाट तुरुन्त फाइदा लिन सकिने हुँदा गाउँलेहरु वृक्षारोपण कार्यमा भन्दा प्राकृतिक वन हस्तान्तरण गरी लिन इन्छुक देखिन्छन् । हाल गैर-सरकारी संस्थाहरुले पनि स्थानीय वासिन्दाहरुलाई वन हस्तान्तरण गरी लिन प्रोत्साहित गरिरहेका छन् । उपभोक्ता समूहहरुलाई जिल्ला र राष्ट्रिय स्तरमा सम्पर्क र समन्वय नगरी सामुदायिक वनको व्यवस्थापन गर्ने तरिका विषयहरुमा बिचार विमर्श गर्ने अवसर दिइन्छ । ग्रामीण सहभागिता समीक्षा प्रणाली (Participatory Rural Appraisal) को माध्यमबाट रेंज स्तरको योजना बनाएर सामुदायिक वन कार्यक्रमहरु तयार गर्न जिल्लाका कर्मचारीहरुलाई प्रोत्साहित गराइन्छ । हाल विशेष गरी पहाडी र मध्य पर्वतीय भेगमा उपभोक्ता समूहहरुको गठन र वन हस्तान्तरण गर्ने कार्य अघि बढ्दैछ। उपभोक्ता समूहको संख्या र सामुदायिक वनको क्षेत्रफल यस प्रकार छ :

क्षेत्र	उपभोक्ता समूह गठन संख्या (२०५१ मंसीर सम्म)	सामुदायिक वनको क्षेत्रफल (हेक्टर)
पर्वतीय र पहाडी भेग	२,४८९	९३,४९१
तराई भेग	२६७	१९,१३५
जम्मा :	२,७५६	१,१२,६२६

उपभोक्ता समूहहरुलाई वृक्षारोपण गर्न, र संरक्षण गर्ने कार्यमा प्रोत्साहनका लागि केही रकम अनुदान दिइन्छ । कार्यक्रमलाई दीगो बनाउन यस्तो अनुदान क्रमिक रुपमा कम गर्दै लाने र बिस्तारै बन्द गर्ने व्यवस्था छ । शुरुमा जिल्ला वन कार्यालयका कर्मचारीहरुबाट संचालन गरिएका वन नर्सरीहरु, उपभोक्ता समूह आफैले रेखदेख गर्न थालेका छन् । उपभोक्ता समूहहरुलाई तालीम दिएको हुँदा सामुदायिक वनहरुको व्यवस्थापन पनि उनीहरु आफैले गर्न थालेका छन् । यसरी उपभोक्ता समूहलाई वन हस्तान्तरण गर्नुको साथ-साथै प्रविधि पनि सुचारु रुपले हस्तान्तरण गरिएको छ । तर हस्तान्तरण गरिएका वन क्षेत्र भने उपभोक्ता समूहको नभई सरकारी स्वामित्वमा नै रहन्छ ।

विवादहरु

सामान्यतया कुनै एक कुरामा व्यक्तिहरुको दृष्टिकोण वा सोचाईमा फरक परेमा अथवा कुनै विशेष व्यक्तिको चाहनाको विपरित निर्णय भएमा, वा अरुहरुको चाहनामा दखल परेमा विवादहरु खडा हुन्छन् । यस्ता विवाद व्यक्ति बीच, समूह भित्रै वा समूह-समूह बीच वा संस्था बीच पनि खडा हुन सक्छन् । यसै गरी, सामुदायिक वन सम्बन्धमा पनि एउटै उपभोक्ता समूह भित्र, दुई उपभोक्ता समूह बीच अथवा उपभोक्ता समूह र जिल्ला वन कार्यालय बीच पनि विवाद खडा हुने गरेका छन् । यस्ता विवादहरुको वर्गीकरण गरी विवादका किसिमहरुलाई प्रष्ट पार्ने प्रयास बारे तल उल्लेख गरिन्छ ।

वन उपभोक्ता समूह भित्रको विवाद

१) <u>उपभोक्ताहरुको पहिचान</u>

सामुदायिक वन कार्यक्रमको कार्य संचालन निर्देशिका अनुसार चार वटा चरणहरु मध्ये स्थानीय स्तरमा छानविन कार्य पनि एउटा हो । यस चरणमा गरिने अरु कामहरुको अलावा सम्भाब्य सामुदायिक वनका उमभोक्ताहरु पहिचान गर्नु पनि हो । स्थलगत कर्मचारीले गाउँमा छलफल गरी वा आफै छानविन गरी वन प्रयोग गरिरहेका वास्तविक उपभोक्ताहरुको पहिचान गर्दछन् । तर तल्लो जातको वा पिछडिएको वर्गको व्यक्ति भने समुदायसंग सजिलै मिल्न नसक्ने स्थितिले गर्दा पछि पर्ने गरेको र गाउँ-घरमा भइरहेका गतिविधि बारे जानकारी नपाउनाले त्यस्ता वर्ग उपभोक्ता समूहमा नपर्ने सम्भावना रहन्छ । यस्तै तल्लो जातका व्यक्तिहरु माथिल्ला जातीको बोलवाला भएको समुदायमा आफ्ना कुराहरु बोल्न हच्किन्छन् । यसले गर्दा यस्ता पिछडिएका वर्ग, उपभोक्ता समूह गठन गर्दा छुट् हुन जान्छन् । पछि गएर वनका फाइदा बाँडफाँड गर्ने समयमा बंचित हुँदा विवाद देखा पर्दछ ।

यसै गरी वन जङ्गलदेखि केहि टाढा वसोवास गर्ने र वनको नियमित उपयोग नगरी बेला वखतमा मात्र वन उपभोग गर्ने उपभोक्ताहरु पनि छन् । वन संरक्षणमा संलग्न नरहने भएतापनि यस्ता उपभोक्ताहरुलाई "दोश्रो वर्गका उपभोक्ता," (secondary users) भनिन्छ, जस्तै गोल बनाउनेहरु । कर्मचारीहरुले उपभोक्ताहरुको पहिचान गर्न गाउँको स्थलगत भ्रमण गर्दा उही गाउँका नभएको अथवा भ्रमण बारे थाहा नपाउनाले यस्ता दोश्रो वर्गका उपभोक्ताहरु उपभोक्ता समूहमा नपर्ने हुन्छन् । यसरी पनि पछि गएर विवाद खडा हुन सक्छ ।

२) फाइदाको बाँडफाँड

उपभोक्ता समूहलाई सुम्पिएको सामुदायिक वनहरु धाँस-पात, स्याउला, दाउरा, आदिका लागि प्रयोग हुने गर्दछन् । यस्ता वन-पैदावार कसरी बाँडफाँड गरी प्रयोग गर्ने भन्ने कुरामा विवाद खडा हुन्छ । एकातिर आठ जना भएको परिवारले ठूलो परिवार भएको कारणबाट वन-पैदावारको आवश्यकता पनि बढी पर्ने हुँदा परिवार सदस्य संख्याका आधारमा वन-पैदावार उपयोग गर्न पाउनु पर्छ भन्ने कुरा गर्छ भने अर्को थरी परिवार सदस्य संख्या अनुसार नभई घर-परिवारका आधारमा उपभोग गर्न पाइने व्यवस्था हुनु पर्छ भन्नेहरु पनि छन् । किनभने, रेखदेख (व्यवस्थापन)का लागि घर-परिवारका आधारमा श्रमदान गर्ने व्यवस्था छ र यसरी आवश्यकता र श्रमको योगदान जस्ता कुराहरुले पनि वन-पैदावार प्रयोग गर्ने हकका कुरामा विवाद उठ्छ ।

३) सहभागिता

उपभोक्ता समूहको सदस्यले आफनो जिम्मेवारी प्रति सजग रही काम गर्छ कि गर्दैन भन्ने कुरामा पनि विवाद खडा हुन सक्छ । उपभोक्ता समूहका सबै सदस्यहरु समान स्तरमा बैठकमा सहभागी हुन र श्रमदानका कुरामा संधै सक्रीय रहन सक्दैनन् । केही उपभोक्ता सदस्यहरु शारीरिक अवस्था, घरायसी कामको व्यस्तता, घरमूली लामो समयसम्म बाहिर रहनु, सरकारी, सैनिक वा प्रहरी सेवामा जागिरे भई बाहिर बस्नु जस्ता कारणहरुले वाध्य भएर वम संरक्षण र रेखदेखको काममा सक्रीय रहन सक्दैनन्। यसले गर्दा सक्रीय सदस्यहरु के ठान्छन् भने कम सहभागिता वा थोरै योगदान दिने सदस्यहरु र सक्रीय रहने सदस्यहरु दुबै वर्गले बराबरी फाइदा लिन मिल्दैन । यो कुरालाई सक्रीय योगदान दिन नसकेका सदस्यहरुले नमान्ने स्थिति आउँछ, किनभने आफ्नो नियन्त्रण भन्दा बाहिरका सामाजिक बाध्यता र पारिवारिक समस्याका कारणले योगदान पुऱ्याउन नसक्दैमा अरु सदस्यले लिने जस्तै फाइदाबाट आफू बंचित गराइनु उचित होइन भन्ने त्यस्ता सदस्यहरु ठान्छन् ।

सामुदायिक वनको संरक्षणका लागि गरिएको काम सहभागिताको प्रत्यक्ष रुपमा देखा पर्दछ । धेरै जसो सामुदायिक वनहरुका उपभोक्ताहरुले पालैसंग सरक्षणको काम गर्ने निर्णय गरेका हुन्छन् । वन संरक्षणको काम एक पटकको अथवा एक दुई घण्टाको काम होइन । यसका लागि लगातार निगरानी गर्नु पर्ने र वन क्षेत्रमा कहिले-काही रात-बिहानमा समेत आफै उपस्थित रहनु पर्ने हुन्छ । यसले गर्दा संरक्षणको काममा ठूलाठूला वा माथिल्ला वर्गको सहभागिता चाहिने मात्रामा नहुन पनि सक्छ तर फाइदा लिन भने तिनीहरु अघि सर्छन् । त्यस्ता ठूलावडाका सम्बन्धमा अरु उपभोक्ताले खुल्ला रुपमा गुनासो गर्ने आँट नगरे तापनि भित्र-भित्रै असन्तुष्टि खडा हुन सक्छ र विवाद हुन्छ । यसै गरी, उपभोक्ता समूहका केही सदस्यहरु वनको नजिक बसोबास गर्ने हुन्छन् र कोही टाढा बसोबास गर्ने हुन्छन् । यस्तो स्थितिमा नजिक बस्ने सदस्यहरुबाट बढी

सहभागिता वा योगदानको अपेक्षा गरिन्छ । वनको नजिक बस्ने सदस्यहरु वनको निगरानी गर्ने कामलाई बेवास्ता गर्न वा यसबाट पन्छिन सक्दैनन् । तिनीहरु वन रेखदेख गर्ने आफ्नो पालो नभएतापनि वा हेरालु खटाईने गरेको भएतापनि कसैले अनियमित तरिकाले वन प्रयोग गर्न लागेको देखेमा रोकथाम गर्न बाध्य हुन्छन् । यस प्रकार वनबाट टाढा बस्नेहरुलाई भन्दा वन नजिक बस्नेहरुलाई आफ्नो पालो नपरेतापनि वनको निगरानी राख्नु पर्ने नतोकिएको बढी जिम्मेवारी हुन्छ । यस्तो स्थिति लामो समयसम्म रहिरहेमा वन नजिक बस्ने सजग उपभोक्ता समूहका सदस्यहरुले बढी फाइदा पाउनु पर्ने दावी गर्न सक्छन् ।

४) <u>नेतृत्व</u>

गाउँ-घरमा मानिसहरु धन-सम्पतिको प्रदर्शन गरेर, उच्च शिक्षा लिएर, वा समुदायको टाठो-बाठो वा नेता बनेर सामाजिक मान प्रतिष्ठा कमाउन चाहन्छन् । उपभोक्ता समितिको अध्यक्ष, सचिव वा कुनै पदमा बस्न पाएमा गाउँले समाजमा मान प्रतिष्ठा बढ्छ । यस्ता पद पछि गएर स्थानीय नेता बन्ने क्रमको शुरुवात हो । स्वभावत : यस्तो पद आकर्षक हुने भएकोले पदमा सर्वसम्मतबाट नभई प्रतिस्पर्धाबाट चुनाव हुने स्थिति आएमा पनि विवाद खडा हुन सक्छ । प्रतिस्पर्धा गर्नेहरु राजनीतिबाट प्रेरित हुन गएमा विवादको स्थिति झन गम्भिर हुन सक्छ ।

उपभोक्ता समूहहरु बीच विवाद

उपभोक्ताहरुको समूह समूह बीच विवाद खडा हुनाका विभिन्न कारणहरु यस प्रकार छन् :

१) <u>वनको अवस्थिति</u>

सामान्यतया एउटा कुनै वन एक गाउँ विकास समिति (गाविस) भित्रै रहेको हुन्छ र त्यसै गाउँका बासिन्दाले वनको उपयोग गर्ने गर्दछन् । तर जव गाविसको सिमानामा हेरफेर हुने गर्छ त्यसबाट साविकको गाविसको वन क्षेत्र अर्को गाविसमा भित्र पर्न जान्छ। यसो हुँदा एकातिर त्यस्तो गाविसका वासिन्दाहरुले नयाँ सिमाङ्कनबाट आफ्नो क्षेत्रभित्र परेको वनलाई सामुदायिक वनको रुपमा प्रयोग गर्न पाउनु पर्छ भनी दावी गर्न थाल्छन् भने अर्कोतिर गाविसका गाउँलेहरुले परम्परागत रुपमा आफूले भोग-चलन गरी आएको वन क्षेत्र प्रयोग गर्न पाउनु पर्ने अडान लिन्छन् । यसरी पनि विवाद खडा हुन्छ।

विवाद खडा हुने अर्को स्थिति पनि छ । त्यो के भने, कुनै एक वन क्षेत्र एक वा दुई भन्दा बढी गाविसमा परेको हुन्छ । गाविसहरुका उपभोक्ता समूहले जिल्ला वन कार्यालयलाई आ-आफ्ना समूहले उपभोग गर्ने वन सिमाना तोकी वन हस्तान्तरण गरी पाउन अनुरोध गर्छन् । वन क्षेत्र भित्र गाविस को सिमाङ्कन नभएकोले कहाँ-कहाँ, कुन-

कुन गाविस अथवा समूहका लागि वनको सिमाना तोक्ने भन्ने कुरामा विवाद हुन्छ । स्वभावत : यस्ता वन क्षेत्रभित्र पर्ने राम्रो वन जङ्गलको भाग लिने कुरामा खिचातानी भई विवाद खडा हुन्छ ।

२) <u>वनको किसिम</u>

कुनै एक गाउँका वासिन्दाले विभिन्न वन-पैदावारका लागि एक भन्दा बढी वन क्षेत्रको उपभोग गर्ने गरेका उदाहरणहरु छन् । दाउरा र स्याउला-पात जस्ता प्रयोजनका लागि गाउँलेहरुले आफ्नै क्षेत्रको मिश्रित वन प्रयोग गर्न सक्छन् तर अरु वन-पैदावारबाट, जस्तै काठ चाहिएमा त्यही गाविसको अर्को गाउँमा रहेका सालको वन प्रयोग गर्नु पर्ने हुन सक्छ । उपभोक्ता समूहको गठन भएपछि सालको वन प्रयोग गर्न पाउने समूहले अर्को गाउँको मिश्रित वन प्रयोग गर्ने उपभोक्ता समूहलाई सालको वन प्रयोग गर्न दिदैनन् । उनीहरु के तर्क गर्दछन् भने मिश्रित वन प्रयोग गर्ने समूहले सालको वनको रेखदेख र संरक्षणमा कुनै योगदान दिदैनन् भने किन प्रयोग गर्न दिने ? अर्को समूह भने धेरै समय देखि सालको काठ उपभोग गरी आएको हुँदा त्यस्मा बन्देज लाउन पाइन्न भन्ने तर्क गर्न थाल्छ र विवाद खडा हुन्छ । उदाहरणको लागि यस्तो विवाद कास्की जिल्लाको निर्मल पोखरी गाविसमा उठेको थियो ।

उपभोक्ता समूहहरु, वन कार्यालय, र वन विभाग बीचको विवाद

वन उपभोक्ता समूहहरु र वन निकायहरु बीच पनि विवादका अनुभव भैरहेका छन् । हालैका केही घटनाहरु तल उल्लेख गरिएका छन् :

१) <u>वन कार्य योजनाबाट विचलन (योजना भन्दा फरक काम)</u>

वन कार्य योजना स्वीकृत भई उपभोक्ता समूहलाई वन हस्तान्तरण गर्ने क्रममा उपभोक्ता समूहको प्रतिनिधि (प्रायस : समितिको अध्यक्ष) र जिल्ला वन अधिकृत बीच वन कार्य योजनामा तोकिएका कुराहरुमा फरक नपर्ने गरी योजना कार्यान्वयन गर्ने लिखित सम्झौता हुन्छ । तापनि तोकिएको कार्यबाट विचलन भई अर्को किसिमले काम कारवाही हुने गरेको पाइएको छ । यसो हुनाको कारण या त वन कार्यालयका कर्मचारीको वेवास्ता वा लापरवाहीबाट हो भने अर्को तिर उपभोक्ता समूहले अरु सामुदायिक विकास निर्माणका कामका लागि वनबाट बढी फाइदा लिन खोज्ने प्रवृत्ति हो ।

यस सम्बन्धमा महिलाहरुको सक्रीय उपभोक्ता समूहको घटना यहाँ उल्लेख गर्नु उपयुक्त हुन्छ । वन कार्य योजनामा सामुदायिक वनबाट बर्षमा कुनै दुई वटा व्यापारिक मूल्यका रुख जस्तै साल रुखका अलावा सुकेका, झरेका काठपात वनबाट हटाउन पाइने

व्यवस्था राखिएको थियो । उपभोक्ता समूहले वन कार्य योजना अनुसार वन सफाई गर्दा झरेका सुकेका वन-पैदावार संकलन गरे । यसरी सर-सफाई गर्नाले र वनको कडा संरक्षणले गर्दा सालका बेर्नाहरु प्रशस्त उम्रेर आए । यो देखेर उपभोक्ता समूह ज्यादै खुशी भयो र तीस भन्दा बढी छिप्पिएका धेरै जसो सालका रुखहरु वन कर्मचारीको प्राविधिक सल्लाह अनुसार कटानी गरिए ।

यो कारवाही एकातिर वन उपभोक्ता समूहले आफ्नो कोषमा रकम बृद्धि गर्ने अभिप्रायले गरियो भने, अर्को तिर वन कर्मचारीहरुले नयाँ बोट-बेर्ना प्रशस्त उम्रेको देखेर उत्साहित भई प्राविधिक हिसाबले रुख कटानी गर्न दिन ठीक ठाने । तर वन कार्य योजनामा दुई वटा मात्र रुख काट्न पाइने व्यवस्था भएको बारे वन कर्मचारी र उपभोक्ता समूह दुवैको ध्यान पुगेन । उनीहरुले वन कार्य योजनालाई पनि संशोधन गरेनन् । यो बढी कटानी गरेको बारे केन्द्रमा उजुरी पर्यो । फलस्वरुप, तुरुन्त काठ जफत गरी छानविन गर्ने आदेश दियो । कारवाहीको क्रममा धेरै महिनासम्म काठ यसै अलपत्र रह्यो । केन्द्रका पदाधिकारीहरु उपभोक्ता समूहबाट सामुदायिक वन फिर्ता लिई, राष्ट्रिय वन नै कायम गर्ने हो, र यसरी वन फिर्ता लिन्दा जिल्लाका अरु वन उपभोक्ता समूहको सामुदायिक वन कार्यक्रम प्रति अविश्वास उत्पन्न हुने पो हो कि वा अर्को जिल्लामा प्राविधिक तवरले उपयुक्त देखिएको वन कार्य गर्नका लागि उपभोक्ता समूहलाई अनुमति दिने वन कर्मचारीलाई पनि कारवाही गर्ने कि भन्ने दोधारमा परे । उपभोक्ता समूहको भने वन कर्मचारीको सल्लाहमा रुख कटानी गरिएकोले त्यस्को जिम्मेवारी ती कर्मचारीले नै लिनु पर्ने र जफत गरिएको काठ उपभोक्ताले नै पाउनु पर्ने माग गरे । यो विवाद झण्डै एक बर्षसम्म तानियो ।

२) <u>सामुदायिक वनको उद्देश्यबाट विचलन</u>

हालैको घटनामा तल वयान गरिए जस्तै कहिले-काँही उपभोक्ता समूह सामुदायिक वनको उद्देश्यको विपरित काम गर्दछ ।

यो घटना एउटा वन उपभोक्ता समूहलाई जिम्मा दिइएको मिश्रित सालको वन सम्बन्धमा हो । यो वनको एक भागमा तीस बर्ष अघि ढुंगाखानी भएको जमिनमा बढेका भर्खरका सालका फाट-फूट रुखहरु थिए । यो वन विना कुनै समस्या उपभोक्ता समूहले संरक्षण गर्दै थिए । हाल-सालै त्यस जिल्लामा सरकारले राष्ट्रिय महत्वको एउटा ठूलो जल विद्युत आयोजना निर्माण गर्ने योजना अनुसार एक निजी ठेकेदारलाई त्यस सामुदायिक वन भन्दा एक किलोमिटर परबाट उक्त आयोजना स्थल जाने बाटो बनाउने ठेक्का दियो । ठेकेदारको अनुरोधमा सामुदायिक वन क्षेत्रबाट ढुंगा झिक्न जिल्ला वन कार्यालयले राष्ट्रिय वन सम्बन्धमा व्यवस्था गरिएको २४ बर्ष अघिको नियमको आधारमा ठेकेदारलाई अनुमति दियो । ठेकेदारले त्यस क्षेत्रबाट ढुंगा निकाल्यो ।

वन उपभोक्ता समूहले ढुंगा झिक्न दिएको अनुमतिको विरोध गरेनन् बरु ढुंगा ओसार्ने ट्रकै पिच्छे केही कर लगाउने निर्णय गर्यो । केही समय यसै गरी काम भईसके पछि यो कुरा केन्द्रले थाहा पायो र तुरुन्तै त्यो ढुंगाखानीमा रोक लगाई छानविन गर्ने आदेश दियो । यसबाट बाटो बनाउने काममा असर पर्न गयो । यसरी तोकिएको समय भित्र जल विद्युत आयोजना निर्माण पूरा गर्न असर पर्न गएकोले नेपाल विद्युत प्राधिकरणले वन विभागलाई त्यस क्षेत्रबाट एक लाख क्यूविक फिट ढुंगा झिक्न अनुमति दिन अनुरोध गऱ्यो । नेपाल विद्युत प्राधिकरणले त्यस क्षेत्रको १०० किलोमिटर भित्र त्यस्तो राम्रो स्तरको ढुंगा नपाइने कुरा पनि वन विभागलाई जानकारी दियो । त्यति धेरै ढुंगा १०० किलोमिटर टाढाबाट ओसार्न निकै बढी खर्च पर्ने थियो । सामुदायिक वनको नियम अन्तर्गत ढुंगाखानी संचालन गर्ने अनुमति दिन मिल्दैन । केन्द्रको वन प्रशासन उपभोक्ता समूहको अधिकार हनन गरी त्यो सबै वनलाई फेरि राष्ट्रिय वन धोषित गरी जिल्ला वन प्रशासनलाई ढुंगाखानी संचालन गर्न अनुमति दिन निर्देशन दिने र सामुदायिक वनमा ढुंगाखानी संचालन गर्न दिएकोमा उपभोक्ता समूहलाई यसरी दण्डित गर्ने हो अथवा त्यो क्षेत्रबाट ढुंगा झिक्ने अनुमति नदिएर राष्ट्रिय जल विद्युत आयोजनालाई अत्यावश्यक ढुंगा पाउनबाट बंचित पार्ने हो भन्ने सम्बन्धमा अन्यौलमा पर्यो । यो पश्चिम नेपालको स्याङ्जा जिल्लाको एक उपभोक्ता समूहसंग सम्बन्धित घटना हो ।

३) <u>अस्पष्ट नीति</u>

विगत केही बर्षदेखि सामुदायिक वन उपभोक्ता समूहलाई जिम्मा दिइएपछि धेरै जस्ता सामुदायिक वन वन-पैदावारको लागि उपभोग गर्न सकिने वा छटनी गर्न सकिने स्थितिमा पुगेका छन् । वृक्षारोपण गरिएका वन र केही प्राकृतिक वनबाट वन-पैदावार निकाल्ने काम हुँदैछन् । केही उपभोक्ता समूहहरुले कटानी गरिएको काठ अन्य जिल्लामा बिक्री गर्न लैजाने अनुमति पाउन वन प्रशासनलाई अनुरोध गरेका छन् । केही उपभोक्ता समूहले त काठ चिरानी उद्योग जस्ता वनमा आधारित उद्योग स्थापना गर्न समेत वन प्रशासनसंग अनुमतिका लागि अनुरोध गरेका छन् । मौजुदा नियमहरुमा यस्तो अनुमति दिने सम्बन्धमा केही उल्लेख छैन । यसप्रकार यस्तो अनुमति दिने वा नदिने भन्ने कुरा वन प्रशासनको स्वेच्छामा रहन गएको छ ।

यस्तै एक स्थिति मध्य पश्चिम नेपालको दाङ्ग जिल्लाको बाघमारा वन उपभोक्ता समूहको छ । यो समूहले १२,००० क्यूफि. सालको काठ कटानी गऱ्यो र यो समूहसंग जिल्ला बाहिर बेच्न सकिने ८,००० क्यूफि. काठ छ तर त्यो काठ अन्य जिल्लामा लैजान भने अझै अनुमति पाएको छैन । समूहले एउटा काठ चिरानी उद्योग (स : मिल) स्थापना गर्न पनि अनुमति मागेको छ । यो अनुरोध बारे अझै बिचार हुँदैछ ।

कुरा के उठ्छ भने सामुदायिक वन कार्यक्रमको उद्देश्य उपभोक्ता समूहलाई चाहिने दैनिक वन-पैदावारको आवश्यकता पूरा गर्नु हो । यसकारण समूहहरुले वन पैदावार बजारमा बिक्री गरुन भन्ने ध्येय होइन । यसैगरी स मिल स्थापना गर्न अनुमति मागेर सामुदायिक वनलाई व्यापारीकरण गर्न खोजेको ठहर्छ । उपभोक्ता समूहको भनाई के छ भने वनको सदुपयोग नगर्ने हो भने संरक्षण नै किन गर्न पर्यो ? यो विवाद छँदैछ । यस्ता विवादहरु भविष्यमा बढ्दै जान सक्छन् ।

भावी नीति

वन ऐन २०४९ मा सामुदायिक वन सम्बन्धमा सरकारले गर्ने काम कारवाही उल्लेख गरिएको छ । सामुदायिक वन सम्बन्धि नयाँ नियमाबलीको मस्यौदामा उपभोक्ता समूहलाई संस्थागत गरी स्वायत्त रुपमा काम गर्ने मान्यता दिन सरकारको प्रतिवद्धता देखिन्छ । नयाँ नियमको मस्यौदामा सामुदायिक वनको विकासलाई वाधा नपार्ने किसिमले जडिबुटी र केही प्रकारको नगदे वालीको खेती व्यवसाय गर्न छुट दिने व्यवस्था पनि उल्लेख छ । वन विभागको स्वीकृतिमा उपभोक्ता समूहले सामुदायिक वन-पैदावार वित्तीय संस्थामा धितो राखी सामुदायिक वन-विकास गर्न ऋण लिन चाहेमा सरकारले अनुमति दिन सक्ने व्यवस्था पनि गरिएको छ ।

उपभोक्ता समूहले वन-पैदावार स्वतन्त्र रुपमा बिक्री बितरण गर्न सक्ने सम्बन्धमा स्पष्ट व्यवस्था नभएकोले केही विवादहरु उत्पन्न भएको कुरा माथि उल्लेख गरिएकै छ । सरकारले यसलाई गम्भिर रुपमा लिएको छ र यस विषयमा नयाँ नियमाबलीको मस्यौदामा सकारात्मक व्यवस्था गरिएको छ ।

सामुदायिक वनको उद्देश्य उपभोक्ता समुदायको जीवन-यापनका लागि आवश्यक वन-पैदावारको खाँचो मात्र टार्ने भन्ने पहिलेको सोचाईलाई गम्भिरतापूर्वक पुनरावलोकन गरिदैछ । सामुदायिक वनलाई व्यवसायिक तवरले संचालन गर्न दिने वा नदिने भन्ने सम्बन्धमा रही आएको नीतिगत अस्पष्टता तर्फ पनि ध्यान दिइएको छ । नयाँ नियमावलीको मस्यौदामा वन विभागको स्वीकृति लिई वनमा आधारित उद्योग संचालन गर्न सकिने व्यवस्था रहेको छ । नयाँ नियमाबली लागू भएपछि सामुदायिक वन सम्बन्धि केही विवादहरु समाधान हुने छन् ।

माथि उल्लेख गरिएका अन्य विवादहरु केही हदसम्म मौजूदा नियम कानून बारे जानकारी नहुनाले पनि उत्पन्न भएका हुन् । यसको समाधानका लागि वन विभागले जिल्ला वन कार्यालयका कर्मचारीहरुलाई नियम कानून बारे तालीम दिने कार्यक्रम राखेको छ । यसबाट विवादहरुमा कमी ल्याउन मद्दत पुग्ने छ ।

ICIMOD

ICIMOD is the first international centre in the field of mountain development. Founded out of widespread recognition of environmental degradation of mountain habitats and the increasing poverty of mountain communities, ICIMOD is concerned with the search for more effective development responses to promote the sustained well being of mountain people.

The Centre was established in 1983 and commenced professional activities in 1984. Though international in its concerns, ICIMOD focusses on the specific complex and practical problems of the Hindu Kush-Himalayan Region which covers all or part of eight Sovereign States.

ICIMOD serves as a multidisciplinary documentation centre on integrated mountain development; a focal point for the mobilisation, conduct, and coordination of applied and problem-solving research activities; a focal point for training on integrated mountain development, with special emphasis on the assessment of training needs and the development of relevant training materials based directly on field case studies; and a consultative centre providing expert services on mountain development and resource management.

MOUNTAIN NATURAL RESOURCES' DIVISION

Mountain Natural Resources constitutes one of the thematic research and development programmes at ICIMOD. The main goals of the programme include i) Participatory Management of Mountain Natural Resources; ii) Rehabilitation of Degraded Lands; iii) Regional Collaboration in Biodiversity Management; iv) Management of Pastures and Grasslands; v) Mountain Risks and Hazards; and vi) Mountain Hydrology, including Climate Change.

PARTICIPATING COUNTRIES OF THE HINDU KUSH-HIMALAYAN REGION

- Afghanistan
- Bhutan
- India
- Nepal
- Bangladesh
- China
- Myanmar
- Pakistan



INTERNATIONAL CENTRE FOR INTEGRATED MOUNTAIN DEVELOPMENT

4/80 Jawalakhel, G.P.O Box 3226, Kathmandu, Nepal

Telex : 2439 ICIMOD, NP
Telephone : (977-1) 525313
Cable : ICIMOD, NEPAL
Fax : (977-1) 524509
(977-1) 524317